विषय: युवा प्रकाशन (वार्षिक बुलेटिन) पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना।

युवा तथा खेलकुद मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गर्ने युवा प्रकाशन (वार्षिक बुलेटिन) २२ औं अंक प्रकाशन हुन गइरहेको हुँदा उक्त अंकमा लेख रचना समावेश गर्न इच्छुक विद्वान लेखकहरुबाट यही २०८० माघ २० गते भित्र अन्यत्र कतै प्रकाशन तथा मुद्रित नभएका लेख रचना आह्वान गरिन्छ। लेख रचना युवा तथा खेलकुदसँग सम्बन्धित खोजमूलक तथा अनुसन्धानमूलक हुनुपर्नेछ। प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए Unicode फन्टको साइज १२ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको कम्तीमा ३००० देखि ५००० शब्द सम्मको हुनुपर्नेछ। लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन्:

क. लेखको सुरुमा लेखको सार जनाउने सारांश
ख. मुख्य अंशमा/विषयवस्तु- विद्यमान अवस्था, समस्या र चुनौति, भावी कार्यक्रमका विषयवस्तुलाई जोड दिनुपर्ने
ग. निष्कर्ष
घ. लेख तयार गर्दा प्रयोग भएका सन्दर्भ सामाग्रीको सूची

लेख रचनाका साथ लेखकले आफ्नो परिचय खुल्ने गरी सम्पर्क, इमेल ठेगाना, फोटो र फोन नम्बर पनि उल्लेख गरी पठाउनु पर्दछ। लेख रचनाहरु इमेल ठेगाना moysyouth@gmail.com मार्फत पनि पठाउन सकिनेछ। प्राप्त भएका लेख रचनाहरु प्रकाशन गर्ने/नगर्ने अन्तिम निर्णय सम्पादक मण्डल समक्ष रहने छ। प्रकाशित लेख रचनाहरु नियमानुसार पारिश्रमिक उपलब्ध गराइने छ। साथै आफ्ना लेखहरुको शुद्धाशुद्धी परीक्षण गरी बुझिने गरी पठाउन हुन समेत अनुरोध छ।

पुनश्च :- यस सम्बन्धी विस्तृत जानकारी मन्त्रालयको युवा परिचालन तथा परामर्श शाखाबाट लिन सकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। (नाम/पद- इश्वरी अर्याल/शाखा अधिकृत-९८६१४४७०४१, विनय भण्डारी/कम्प्युटर अपरेटर-९८४९५९१८०१)